# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



काँक्रेविहार राष्ट्रिय दैनिक






❐ वर्ष : २५ ❐ अंक : २७० ❐ आइतवार, २८ असार, २०८३ ❐ Sunday, 12 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


### कर्णाली सरकारको बजेट खर्च ६१.७६ प्रतिशत

# विकास बजेट मुस्किलले ५५ प्रतिशत खर्च, सरकारको खातामै थन्कियो १२ अर्ब

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ असार

कर्णाली प्रदेश सरकारले आर्थिक बर्ष २०८२/०८३ मा समग्र बजेट खर्चमा अपेक्षित गति लिन नसकेको देखिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार रुपैयाँमध्ये चालु आर्थिक बर्षमा २० अर्ब ४९ करोड ८९ लाख २२ हजार ९७१ रुपैयाँ मात्रै खर्च गरेको छ । यो कुल बजेटको ६१.७६ प्रतिशत हो। प्रदेश सरकारले चालुतर्फ अपेक्षाकृत राम्रो खर्च गरे पनि विकाससँग प्रत्यक्ष जोडिएको पूँजीगत खर्च भने कमजोर देखिएको छ । कर्णाली प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार कर्णाली प्रदेश सरकारको चालु बजेट १२ अर्ब ५९ करोड ४३ लाख १७ हजार रुपैयाँ रहेकामा नौं अर्ब २४ करोड ९८ लाख २९ हजार ९४८ रुपैयाँ अर्थात् ७३.४४ प्रतिशत खर्च भएको छ । तर १९ अर्ब ९८ करोड ४३ लाख ३८ हजार रुपैयाँ पूँजीगत बजेटमध्ये ११ अर्ब ७ करोड १५ लाख ९३ हजार रुपैयाँ मात्रै खर्च हुँदा पूँजीगत खर्च ५५.४० प्रतिशतमा सीमित भएको छ। वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख रुपैयाँमध्ये १७ करोड ७५ लाख रुपैयाँ खर्च भएर २८.८६ प्रतिशत प्रगति भएको छ। लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कले कर्णाली प्रदेशमा विकास बजेट कार्यान्वयन अझै पनि संरचनागत समस्याबाट प्रभावित रहेको देखाउँछ। आर्थिक वर्षको अन्त्यसम्म अधिकांश खर्च गर्ने पुरानै प्रवृत्ति कायम रहँदा असारको अन्तिम सातासम्म पनि झण्डै ३८ प्रतिशत बजेट खर्च हुन बाँकी छ।




### स्थानीय तहको खर्च लक्ष्य नजिक

स्थानीय तह शीर्षकमा विनियोजित चार अर्ब ५९ करोड ९८ लाख ४१ हजार रुपैयाँमध्ये ३ अर्ब ९६ करोड ३८ लाख ५९ हजार ९९२ रुपैयाँ खर्च भएको छ। ८६.१७ प्रतिशत खर्च प्रगति भएको यो शीर्षक प्रदेश सरकारका सबैभन्दा उच्च खर्च भएका शीर्षकमध्ये एक हो । यो रकम अधिकांश अनुदान हस्तान्तरणसँग सम्बन्धित भएकाले खर्च प्रतिशत उच्च देखिएको छ । जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले ३ अर्ब ८३ करोड ३ लाख ५८ हजार रुपैयाँ बजेटमध्ये दुई अर्ब ९० करोड ६५ लाख ४२ हजार रुपैयाँ खर्च गर्दै ७५.८८ प्रतिशत प्रगति हासिल गरेको छ। चालुतर्फ ७३.०८ प्रतिशत र पूँजीगततर्फ ७६.१० प्रतिशत खर्च भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले दुई करोड एक लाख ३४ हजार पाँच सय रुपैयाँ बजेटमध्ये एक करोड ४९ लाख १५ हजार ९०४ रुपैयाँ खर्च गरी ७४.०८ प्रतिशत प्रगति गरेको छ। यस मन्त्रालयको चालु र पूँजीगत दुवैतर्फ करिब ७४ प्रतिशत खर्च भएको देखिन्छ ।

सामाजिक विकास मन्त्रालयले पाँच अर्ब ९७ करोड २६ लाख ८९ हजार रुपैयाँ बजेटमध्ये चार अर्ब २९ करोड ४६ लाख ३५ हजार रुपैयाँ खर्च गर्दै ७१.९० प्रतिशत प्रगति हासिल गरेको छ। प्रदेश सरकारको सबैभन्दा ठूलो सामाजिक क्षेत्रको बजेट भएकाले यसको खर्चले समग्र प्रदेश खर्चमा उल्लेख्य प्रभाव पारेको छ ।

कर्णाली प्रदेश योजना आयोगले ४ करोड ३७ लाख ८३ हजार रुपैयाँ बजेटमध्ये तीन करोड पाँच लाख ८८ हजार रुपैयाँ खर्च गरी ६९.८६ प्रतिशत प्रगति गरेको छ।

प्रदेश व्यवस्थापिकाले एक करोड ४४ लाख ७२ हजार रुपैयाँ बजेटमध्ये नौं करोड ७७ लाख २८ हजार रुपैयाँ खर्च गर्दै ६७.५३ प्रतिशत प्रगति गरेको छ भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २४ अर्ब २७ करोड ९९ लाख ८० हजार रुपैयाँमध्ये १५ अर्ब ५१ करोड ३५ लाख ४८ हजार रुपैयाँ खर्च गरी ६३.८९ प्रतिशत प्रगति हासिल गरेको छ। यस मन्त्रालयको चालु खर्च ७३.६८ प्रतिशत भए पनि पूँजीगत खर्च ५७.०७ प्रतिशतमा सीमित रहनुले वन, पर्यटन र पूर्वाधारसँग सम्बन्धित आयोजना अपेक्षाअनुसार अघि बढ्न नसकेको देखिन्छ ।

### निरासाजनक भौतिक मन्त्रालयको खर्च

प्रदेशको सबैभन्दा ठूलो विकास बजेट भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको अवस्था भने चिन्ताजनक देखिएको छ ।

११ अर्ब एक करोड २१ लाख सात हजार रुपैयाँ बजेटमध्ये पाँच अर्ब ३९ करोड ६९ लाख ६३ हजार रुपैयाँ मात्रै खर्च भएको छ। समग्र प्रगति ४९.०१ प्रतिशत मात्र छ।

विशेषगरी १० अर्ब ७३ करोड १४ लाख ८३ हजार रुपैयाँ पूँजीगत बजेटमध्ये ५ अर्ब १८ करोड ४० लाख ४४ हजार रुपैयाँ खर्च हुँदा पूँजीगत प्रगति ४८.३१ प्रतिशतमा सीमित भएको छ।

प्रदेशको सडक, पुल, भवन तथा शहरी पूर्वाधार निर्माणको मुख्य जिम्मेवारी बोकेको मन्त्रालयको यही कमजोर कार्यसम्पादनले समग्र प्रदेशको पूँजीगत खर्च घटाएको देखिन्छ।

मन्त्रालयगत खर्च विश्लेषण गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय सबैभन्दा बढी प्रगति गर्ने मन्त्रालय बनेको छ।

मन्त्रालयले सात करोड ९० लाख १४ हजार ४४२ रुपैयाँ बजेटमध्ये ६ करोड ६४ लाख १४ हजार २४२ रुपैयाँ खर्च गर्दै ९३.६७ प्रतिशत प्रगति गरेको देखिन्छ चालुतर्फ ९५.२९ प्रतिशत तथा पूँजीगततर्फ ६२.३४ प्रतिशत खर्च भएको छ । तर यो मन्त्रालय अहिले कर्णाली प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग गाभिसकिएको छ ।

यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २५ अर्ब ७१ करोड १० लाख रुपैयाँ बजेटमध्ये १४ अर्ब ६६ करोड ४० लाख ६ हजार रुपैयाँ खर्च गरी ५७.०३ प्रतिशत प्रगति गरेको छ।

चालुतर्फ ५६.९० प्रतिशत र पूँजीगततर्फ ५७.४३ प्रतिशत मात्रै खर्च भएकाले कृषिलाई प्राथमिकतामा राखेको मन्त्रालयले उक्त कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन नसकेको देखिन्छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ६० करोड ९६ लाख १९ हजार ५५८ रुपैयाँ बजेटमध्ये ३३ करोड ४८ लाख ४ हजार रुपैयाँ खर्च गरी ५४.९२ प्रतिशत प्रगति गरेको छ।

चालु खर्च ५९.०२ प्रतिशत भए पनि पूँजीगत खर्च ३६.५५ प्रतिशत मात्रै रहेको छ। यसले नीति तथा समन्वयकारी निकायका विकास कार्यक्रम पनि सुस्त रहेको देखाउँछ। मुख्य न्यायाधिवक्ताको कार्यालयले पनि १ करोड ७७ लाख रुपैयाँ बजेटमध्ये एक करोड ५५ लाख ९१ हजार रुपैयाँ खर्च गर्दै ८८.०९ प्रतिशत प्रगति गरेको छ।

चालुतर्फ ८७.७५ प्रतिशत र पूँजीगततर्फ ९९.६९ प्रतिशत खर्च भएको छ ।

प्रदेश लोक सेवा आयोगको खर्च सबैभन्दा कममध्ये परेको छ। आयोगले ८ करोड ९६ लाख ९४ हजार रुपैयाँ बजेटमध्ये ४ करोड ७३ लाख ७३ हजार रुपैयाँ खर्च गर्दै ५२.८२ प्रतिशत प्रगति गरेको छ।

# नौं दिनपछि भेटियो कर्णाली नदीमा बेपत्ता भएको फोर्स गाडीका चालकको शव

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ असार

कर्णाली नदीमा खसरे बेपत्ता भएको फोर्स गाडीका चालक तुलाराम सुवेदीको शव ९ दिनपछि फेला परेको छ।

१८ असारमा सुर्खेतबाट कालीकोट जाँदै गरेको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७,साङ्गेटाडाबाट कर्णाली नदीमा खसेको थियो। शनिबार सुवेदीको शव अछामको तुर्माखाँद गाउँपालिका- २,



जबुगडास्थित लामगडामा कर्णाली नदी किनारमा भेटिएको प्रहरीले जनाएको छ। मृतकको पहिचान उनका बुबा डण्डपाणि सुवेदीले गरेका हुन्। तुलारामको शव फेला परेसँगै उक्त दुर्घटनामा हालसम्म चार जनाको शव फेला परेको छ। प्रहरीका अनुसार गाडीका सह-चालक रामप्रसाद सुवेदी अझै बेपत्ता छन्। गाडीमा पाँच जना सवार रहेको प्रहरीले जनाएको छ।

दुर्घटनाग्रस्त गाडी तथा अन्य बेपत्ता व्यक्तिहरूको खोजी कार्य नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरूले कर्णाली नदी क्षेत्रमा निरन्तर जारी राखेका छन्।

# विपद् हटलाइन १२३४ देशभर विस्तार, अब जिल्लाबाटै सेवा लिन सकिने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २७ असार

विपद्सम्बन्धी घटना, गुनासा, सूचना तथा उद्धारसम्बन्धी सेवालाई थप छिटो, सहज र प्रभावकारी बनाउन गृह मन्त्रालयले विपद् हटलाइन नम्बर १२३४ लाई जिल्लास्तरसम्म विस्तार गरी सञ्चालनमा ल्याएको छ।

मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिअनुसार यसअघि केन्द्रबाट मात्रै सञ्चालन हुँदै आएको विपद् टोल-फ्री नम्बर ११४९ लाई रूपान्तरण गरी १२३४ नम्बर सञ्चालनमा ल्याइएको हो।



नयाँ व्यवस्थाअनुसार काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाबाट १२३४ मा गरिएको फोन राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सिंहदरबारमा पुग्नेछ भने अन्य ७४ जिल्लाबाट गरिएको फोन भने सम्बन्धित जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्वतः 'राउटिङ' हुने व्यवस्था मिलाइएको छ।

मन्त्रालयका अनुसार विपद्सम्बन्धी सूचना, समस्या, गुनासा तथा सुझावका लागि नागरिकले अब आफ्नै जिल्लाको आपत्कालीन केन्द्रसँग प्रत्यक्ष सम्पर्क गर्नसक्ने भएकाले उद्धार, समन्वय र सेवा प्रवाह अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ। मन्त्रिपरिषद्को १३ चैत ☞ बाँकी पृष्ठ २

सम्पादकीय

# कम वर्षा भन्दै ढुक्क नहुनू

यस वर्ष मनसुनमा सरदरभन्दा कम वर्षा हुने सरकारी प्रक्षेपण सार्वजनिक भएपछि धेरैले प्राकृतिक विपद्को जोखिम पनि घट्ने अनुमान गरेका हुन सक्छन् । तर, अहिलेको जलवायु परिवर्तनको वास्तविकता त्यसको ठीक उल्टो दिशातर्फ संकेत गरिरहेको छ । कम वर्षा हुनु भनेको कम जोखिम हुनु होइन । बरू लामो खडेरीपछि छोटो समयमा हुने अत्यधिक वर्षाले विगतभन्दा बढी विनाश निम्त्याउन सक्छ भन्ने तथ्यलाई अब गम्भीरतापूर्वक बुझ्न आवश्यक छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले सार्वजनिक गरेको प्रतिवेदनले यही चेतावनी दिएको छ । एल निनोका कारण मनसुन कमजोर देखिए पनि स्थानीय मौसमी प्रणालीले एकै स्थानमा अत्यधिक वर्षा गराउन सक्छ । यस्तो वर्षाले आकस्मिक बाढी, पहिरो र हिमताल विस्फोटजस्ता विपद् निम्त्याउने सम्भावना उच्च रहन्छ । चीनलगायतका मुलुकमा हाले देखिएका घटनाले पनि यही सन्देश दिएका छन् ।

नेपालका लागि चिन्ताको अर्को विषय हिमाली क्षेत्रमा देखिन थालेका नयाँ प्रकृतिका विपद् हुन् । हुम्लामा वर्षा नै नभई आएको बाढी र पहिरोले जलवायु परिवर्तनका प्रभाव अब हिमालसम्म सीमित नरही जनजीवनमा प्रत्यक्ष असर पार्न थालेको पुष्टि गरेको छ । पर्माफ्रोस्ट पग्लिने र थर्मोकार्स्टजस्ता घटना नेपालका लागि नयाँ भए पनि आगामी दिनमा यस्ता जोखिम बढ्न सक्ने संकेत स्पष्ट देखिएको छ । यस्ता परिस्थितिमा विपद् व्यवस्थापनको परम्परागत सोच पर्याप्त हुँदैन । खडेरी, गर्मी, बाढी, पहिरो र हिमताल विस्फोटलाई अलग-अलग समस्या होइन, आपसमा जोडिएका जोखिमका रूपमा हेर्नुपर्छ । स्थानीय तहदेखि संघीय सरकारसम्मको तयारी पनि त्यहीअनुसार हुन आवश्यक छ । पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, जोखिमयुक्त बस्तीको पहिचान गर्ने, उद्धार संयन्त्रलाई चुस्त राख्ने र नागरिकमा सचेतना फैलाउने कार्यलाई प्राथमिकता दिनुपर्छ ।

सरकारले २४सै घण्टा हटलाइन सेवा सञ्चालनमा ल्याउनु, उद्धार टोली तयारी अवस्थामा राख्नु तथा सडक खुलाउने उपकरण जिल्लामै व्यवस्थापन गर्नु सकारात्मक कदम हुन् । तर विपद् व्यवस्थापन केवल सरकारी संयन्त्रको जिम्मेवारी मात्र होइन । नागरिकको सतर्कता, स्थानीय समुदायको सक्रियता र वैज्ञानिक पूर्वानुमानको सही प्रयोगले मात्र सम्भावित क्षति न्यूनीकरण गर्न सकिन्छ । जलवायु परिवर्तनले मनसुनको स्वरूप नै बदलिरहेको छ । त्यसैले "कम पानी पर्‍यो भने सुरक्षित हुन्छौं" भन्ने पुरानो सोच त्याग्ने बेला आएको छ । प्रकृतिको बदलिँदो व्यवहारलाई समयमै बुझेर वैज्ञानिक तयारी गर्नु नै अब सुरक्षित भविष्यको आधार हो । मनसुनको चुनौती वर्षाको मात्र होइन, बदलिँदो जलवायुको चुनौती हो । त्यसको सामना गर्न सबै तह एकसाथ सजग, जिम्मेवार र तयार रहनुको विकल्प छैन ।

# कुन दिशातर्फ उन्मुख हुँदै छ नेपाली समाज ?



✍ बाबुराम श्रेष्ठ

नेपालका विभिन्न स्थानमा एक महिनाभित्र सार्वजनिक भएका केही घटनाहरू । यो छोटो समयावधिभित्र यति धेरै अमानवीय र आपराधिक घटनाहरू भएका छन् । सबै घटना हाम्रो जानकारीमा नआए पनि कुटपिट, आर्थिक अपराध, बैंकिङ कसुर, सम्बन्धविच्छेद, हत्या, बलात्कार, चोरी डकैती, लागुपदार्थ ओसारपसारजस्ता अनगिन्ती घटनामा अप्रत्याशित रूपमा उकालो लागेको हामी सहजै अनुमान गर्न सक्दछौं ।

यी घटनाहरूले नेपालमा सामाजिक सद्भावको स्तर ज्यादै नै खलबलिएको चित्रण गर्दछ । यी यावत घटनाहरूमा युवापिँढीको अत्यधिक सहभागिताले राष्ट्रिय सुरक्षा, शान्ति, राष्ट्रिय एकता र सामाजिक सद्भावमा चुनौतीहरू थपिएका छन् । राजनीतिक सामाजिक परिवर्तनको सँघारमा उभिएको हाम्रो देशका लागि यो अवस्था पक्कै पनि टाउको दुखाइको विषय हो ।

देशले भौतिक संरचनाको क्षेत्रमा जति नै विकास गरे पनि 'शान्ति-संस्कृति'को विकास गर्न सकिएन भने त्यो विकासले सार्थकता पाउन सक्दैन । देशमा बढ्दै गएका यी विसंगतिले त्रेतायुगको 'रामराज्य' र लिच्छविकालको 'स्वर्णिम युग'जस्ता ऐतिहासिक विम्बलाई 'मृगमरिचिका'को रूपमा स्मृतिमा मात्र सीमित गराउनेछन् ।

बुद्धभूमि, व्यासभूमि र तपोभूमिले परिचित नेपाल विविधता, सह-अस्तित्व, अतिथि सत्कार र सामुदायिक जीवनशैलीका लागि सुपरिचित देश हो । इतिहासविद् स्व. डोरबहादुर विष्ट ९१९८२० ले 'नेपालीकरणको प्रक्रिया'मा चौथो शताब्दी ईशापूर्वदेखि नै अस्तित्वमा रहेको नेपालमा गोपाल वंश, महिषपाल वंश, किराँत वंश, लिच्छवि वंश र मल्ल वंशको शासनहुँदै बडामहाराजाधिराज स्व. श्री ५ पृथ्वीनारायण शाहको नेतृत्वमा नेपालको एकीकरण भएपश्चात् पनि विभिन्न जाति, भाषा, धर्म, संस्कृति अंगिकार गरेका मानिसहरू शताब्दियौँदेखि एउटै सामाजिक संरचनाभित्र सहकार्य र सह-अस्तित्वमा रमाउँदै नेपाली मूलधारमा समाहित भएको उल्लेख गर्नुभएको छ । तर, पछिल्लो समयमा हामीले सामाजिक सद्भाव कमजोर बन्दै गएको, नागरिक उत्तरदायित्व घट्दै गएको, व्यक्तिकेन्द्रित प्रवृत्ति हावी हुँदै गएको र मानवीय संवेदनशीलता क्षीण हुँदै गएको अनुभूति गरिरहेका छौं ।

सतहमा देखिएका विभिन्न घटना, सामाजिक-सांस्कृतिक-राजनीतिक विसंगति, डिजिटल माध्यमको विकृत प्रभाव तथा आर्थिक दबाबहरूले नेपाली समाज नकारात्मकतातर्फ उन्मुख भएको संकेत गरिरहेको छ । यसबाट टड्कारो रूपमा प्रश्न उठ्छ- 'कुन दिशातर्फ उन्मुख हुँदै छ नेपाली समाज ?'

किन कमजोर हुँदै छ सामाजिक सद्भाव ?

दक्षिण अफ्रिकामा विकसित भएको प्रसिद्ध मानवतावादी 'ओबुन्तु दर्शन'ले भन्दछ- 'म छु किनभने हामी छौं, र हामी छौं, त्यसैले म छु ।' सामाजिक सद्भाव कुनै पनि चेतनशील समाजको सबैभन्दा महत्वपूर्ण सामाजिक पुँजी हो । मित्रराष्ट्र चीनले परापूर्वकालदेखि अपनाउँदै आएको ताओवादमा आधारित लाओत्सुको दर्शनका प्रमुख सिद्धान्तहरू- पूर्वाग्रह, अहमतासजस्ता नकारात्मक तत्त्वहरूको त्याग, सरल जीवन, मेलमिलाप र विनम्रतापूर्ण व्यवहारले नै शान्तिपूर्ण समाज निर्माण हुने बताएको छ (ब्रिटानिका, २९ अप्रिल २०२६) ।

जब नागरिकहरूबीच विश्वास, आपसी सहयोग, सहानुभूति, मेलमिलाप र भाइचाराको सम्बन्ध स्थापित हुन्छ, तब मात्र समाजिक सद्भाव र राष्ट्रिय एकता बलियो हुन्छ । तर दुःखको कुरा, जातजाति, भाषा, धर्म, संस्कृति र भूगोलले विभक्त गर्न नसकेको नेपालको सामाजिक सद्भाव पछिल्लो समयमा अविश्वसनीय रूपमा ध्रुवीकरण भइरहेको छ ।

सामाजिक सञ्जालमा हुने विभिन्न बहसहरू हेर्दा असहमतिलाई सम्मान गर्ने संस्कृतिभन्दा प्रायः विरोधीलाई अपमान र घृणा गर्ने, आरोप/प्रत्यारोप गर्ने प्रवृत्तिसँगै समाज विभाजनतर्फ उन्मुख देखिन्छ । परम्परागत सहकार्य र सामूहिक श्रम संस्कृति जस्तै; पर्म लगाएर मेलापात र खेतीपाती गर्ने, पैँचो संस्कृतिमा आधारित नेपाली गाउँघरको उत्कृष्ट मौलिक जीवनपद्धति आज शहरीकरण, पश्चिमेली शिक्षा र संस्कृतिको प्रभाव, डिजिटल माध्यमको प्रयोग, व्यक्तिकेन्द्रित चरित्रको विकासजसता कारणहरूले लोप भएका छन् । मानिसहरू भौतिक रूपमा नजिक भए पनि सामाजिक रूपमा टाढा भएका छन् ।

अपराधको बदलिँदो स्वरुप

अत्यधिक प्रतिस्पर्धात्मक जीवनशैली, गलत सूचना प्रवाह, धार्मिक आस्थामा कमी, व्यक्तिवादी चरित्र, नैतिक शिक्षाको अभाव, शारीरिक श्रमको कमी, सहनशीलता र क्षमादान संस्कृतिमा आएको क्षयीकरणले मानिसहरूमा मनोवैज्ञानिक दबाब सिर्जना गरेको छ ।

उपयुक्त नीतिगत व्यवस्था, सुसंस्कृत शिक्षा प्रणाली र राजनीतिक नेतृत्वलगायत परिवार, समुदाय, सञ्चारमाध्यम र नागरिक समाजको साझा प्रयास, इच्छाशक्ति र प्रतिबद्धता भएमा पुनः मेलमिलाप, सहकार्य र मानवताले ओतप्रोत समाज निर्माणको दिशातर्फ नेपाली समाज अग्रसर हुनेछ ।

पहिलेका परम्परागत अपराधहरूसँगसँगै अहिले साइबर अपराध, अनलाइन ठगी, डिजिटल ब्ल्याकमेल, वित्तीय र संगठित अपराधले तीव्रता पाएको छ । नेपाल प्रहरीको आपराधिक तथ्यांक आर्थिक वर्ष २०७६/७७ मा २,३०१ उजुरी दर्ता भएकोमा आव २०८०/८१ मा बढेर १९,७३० पुगेको छ । आव २०८१/८२ मा मात्र १८,९२६ साइबर अपराधका घटनाहरू दर्ता भएका थिए ।

आत्महत्या र सम्बन्धविच्छेद

नेपालमा दैनिक औसत २० र वार्षिक रूपमा करिब ६,८०० देखि ७,२०० जनाले आत्महत्या गरेको र आव २०८०/८१ मा कुल ७,२२३ जनाले आत्महत्या गरेका थिए (नेपाल प्रहरी, आव २०८०/८१) । प्रति १ लाख जनसंख्यामा २४.९ प्रतिशत रहेको यो संख्या दक्षिण एसियाली राष्ट्रहरूमा नै उच्च मानिन्छ ।

नेपालमा ढिलो उमेरमा विवाह गर्ने प्रचलन बढेसँगै सम्बन्धविच्छेदको संख्या पनि बढ्दो छ । पछिल्लो सरकारी तथ्यांकबमोजिम देशभर करिब २,८९,००० विवाह दर्ता हुँदा वार्षिक रूपमा करिब २४,००० संख्यामा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन्, जुन प्रति १०० विवाहमा ९.५८ प्रतिशत हो, यो दर २०७१ सालमा ०.६ प्रतिशत मात्र थियो (नेपाली टाइम्स, १ जेठ २०८३) ।

नागरिक दायित्वबाट विमुख हुँदै गएको युवापुस्ता

नेपालमा १६-४० वर्षको जनसंख्या करिब १.२४ करोड छ र यो कुल जनसंख्याको ४२.५ प्रतिशत हो (राइजिङ नेपाल, १० जनवरी २०२५) । राष्ट्रको भविष्य युवापुस्ताको चेतना, सहभागिता र उत्तरदायित्वमा निर्भर रहन्छ । तर, आजको युवापुस्ताको एउटा ठूलो हिस्सा नागरिक दायित्वभन्दा व्यक्तिगत अवसरको खोजीमा केन्द्रित छ ।

सामाजिक सञ्जालमा सक्रियता बढे पनि युवा जनशक्तिको प्रत्यक्ष रूपमा सामाजिक सहभागिता जस्तै; सार्वजनिक सम्पत्तिको संरक्षण, स्थानीय समस्याको समाधान, सामुदायिक गतिविधिमा संलग्नता, वातावरण संरक्षण तथा स्वयंसेवी कार्यमा सक्रियतालगायतमा अपेक्षाकृत कमजोर देखिन्छ ।

रोजगारी वा उच्च शिक्षाका लागि लाखौं युवा विदेश पलायन भइरहेका छन् । रोजगारीका लागि गएको जनशक्ति स्वदेश फर्किए पनि उच्च शिक्षाका लागि गएकाहरू अत्यन्त न्यून संख्यामा फर्किने गरेका छन् । यसबाट देशले आर्थिक क्षति, सक्षम र सबल जनशक्ति पलायनको मार खेप्नुपरेको छ । योभन्दा पनि महत्वपूर्ण पक्ष- बुढेसकालमा अभिभावकहरूले सहारा गुमाउनुपरेको छ । यसबाट हुने सामाजिक-मनोवैज्ञानिक क्षति अपूरणीय हुन्छ ।

## प्रस्तावित प्रमुख निर्वाचन आयुक्त र आयुक्तविरुद्ध उजुरी आह्वान

कांक्रेविहार संवाददाता

काठमाडौं, २७ असार

संसदीय सुनुवाइ समितिले निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वान गरेको छ ।

समितिले आज सार्वजनिक सूचना जारी गर्दै संवैधानिक परिषद्बाट सिफारिस गरिएका व्यक्तिहरूको नियुक्ति उपयुक्त छैन भन्ने कसैसँग ठोस आधार, प्रमाण वा सूचना भए १० दिनभित्र समितिमा उजुरी दिन आग्रह गरेको हो ।

सूचनाअनुसार प्रमुख निर्वाचन आयुक्तमा सिफारिस गरिएका मानबहादुर कार्की (मोरङ) तथा निर्वाचन आयुक्तहरूमा सिफारिस गरिएका डा. राजीव सुब्बा (काठमाडौं) र गुरुप्रसाद वाग्ले (ओखलढुंगा)विरुद्ध प्रमाणसहित नेपाली वा अंग्रेजी भाषामा उजुरी दिन सकिनेछ ।

उजुरीमा उजुरीकर्ताको नाम, थर, ठेगाना, फोन नम्बर र स्पष्ट खुल्ने गरी जिल्ला उल्लेख गर्नुपर्नेछ ।

उजुरी दिँदा आधार र प्रमाणका कागजातको प्रतिलिपिसमेत संलग्न गर्नुपर्ने समितिले जनाएको छ ।

समितिका अनुसार सिंहदरबारस्थित संसदीय सुनुवाइ समितिको सचिवालयमा बुझाउन वा जिल्ला प्रशासन कार्यालयमार्फत दस्तुरबिनै पठाउन सकिनेछ ।

समितिले उक्त सूचना पहिलो पटक २६ असारमा प्रकाशित गरेको जनाएको छ । प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा यही १९ असारमा बसेको संवैधानिक परिषद्को बैठकले उनीहरूलाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो ।

## पहिरो हटेपछि कर्णाली राजमार्ग सञ्चालन

कांक्रेविहार संवाददाता

कालीकोट, २७ असार

कालीकोटको शुभकालिका गाउँपालिका-१ स्थित कर्णाली राजमार्ग अन्तर्गत गगने खोलामा शनिबार बिहान खसेको पहिरो हटाइएपछि राजमार्ग पुनः सञ्चालनमा आएको छ ।

शनिवार बिहान करिब ५:२० बजे ढुङ्गा, माटो र लेदो सहितको पहिरो खस्दा उक्त सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको थियो । पहिरोका कारण कर्णाली राजमार्ग हुँदै सञ्चालन हुने सवारी साधन रोकिएका थिए भने यात्रुहरू केही समय अलपत्र परेका थिए ।

सडक डिभिजन, सुरक्षा निकाय तथा सम्बन्धित निकायको समन्वयमा पहिरो हटाउने कार्य सम्पन्न भएपछि बिहान ११:५० बजेदेखि सडक पुनः सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय कालीकोटले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख प्रहरी नायब उपरीक्षक हिमबहादुर खत्रीले वर्षायामका कारण कर्णाली राजमार्गका विभिन्न स्थानमा पहिरो खस्ने जोखिम कायमै रहेकाले यात्रा गर्दा आवश्यक सतर्कता अपनाउन आग्रह गरे ।

## नवीकरण नगर्ने ४४ निर्माण कम्पनीको इजाजत खारेज

कांक्रेविहार संवाददाता

काठमाडौं, २७ असार

पूर्वाधार विकास मन्त्रालयले निर्माण व्यवसाय इजाजतपत्र नवीकरण नगर्ने ४४ फर्म तथा कम्पनीको इजाजतपत्र स्वतः खारेजी भएको जनाएको छ ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा (३) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि २०८२ चैत मसान्तभित्र अनिवार्य रूपमा इजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकामा सो अवधिभित्र नवीकरण नगरेका ४४ वटा निर्माण व्यवसायीको इजाजतपत्र स्वतः खारेजी भएको सूचनामा उल्लेख गरिएको छ ।

मन्त्रालयले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम स्वतः खारेज भएको सूचनामा उल्लेख गरिएको छ ।

मन्त्रालयले सोही ऐनको दफा ७ (४) प्रयोजनाको लागि मन्त्रालयको सचिवस्तरको गत असार १७ गतेको निर्णयानुसार सूचना प्रकाशन गरेर जानकारी दिएको हो ।

## विपद्...

२०८२ को बैठकले शासकीय सुधार कार्यसूचीअनुसार नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्दै नागरिक सेवालाई परिणाममुखी, जवाफदेही र प्रभावकारी बनाउने नीति लिएको थियो ।

सोही नीतिअनुसार सबै ७७ जिल्लाका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४ सै घण्टा सञ्चालन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयले विपद्को समयमा नेपाल सरकारबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वसूचनाको पालना गर्न र आवश्यक परे ११२४ नम्बरमा सम्पर्क गर्न नागरिकलाई आग्रह गरेको छ ।

# हिल्साका सीमास्तम्भ अनुगमन



कांक्रेविहार संवाददाता
हुम्ला, २७ असार

नेपाल र चीनका सुरक्षाकर्मीले नाम्खा गाउँपालिका-५ को हिल्सामा स्थापना गरिएका सीमास्तम्भको संयुक्त अनुगमन गरेका छन् ।

सीमाक्षेत्रमा रहेका स्तम्भको अवस्थाबारे एकआपसमा अनुभव साटासाट र सुरक्षा प्रबन्ध सुदृढ बनाउने उद्देश्यले सो क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीले सीमास्तम्भको संयुक्त अनुगमन गरेका हुन् ।

नियमित रूपमा गरिरहनुपर्ने कार्य अन्तर्गत पर्ने दुई देशका सुरक्षाकर्मीको संयुक्त टोलीले हिल्सामा स्थापना गरिएका स्तम्भको अनुगमन गरेको सशस्त्र प्रहरी बल ४४ नं. गुल्म हुम्लाका सशस्त्र प्रहरी नायब उपरीक्षक नन्दबहादुर साउदले बताए । यस पटक नेपाली र चिनियाँ सुरक्षाकर्मीद्वारा संयुक्त रूपमा गरिएका सीमास्तम्भमा ७, ८ र ९ नम्बर छन् ।

उनका अनुसार अनुगमन गरिएका सीमास्तम्भमध्ये ८ र ९ को अवस्था सन्तोषजनक भए पनि सीमास्तम्भ नम्बर ७ (क) नेपाली भूभागमा रहेको र त्यो भित्तामा पेन्टिङ गरिएका कारण जतिबेला पनि पहिरोको चपेटामा पर्न सक्ने अवस्था छ ।

७ (ख) चिनियाँ भूभागमा रहेको र त्यो पनि नदी किनारमा ढलेको अवस्थामा रहेका कारण ती सीमास्तम्भको संरक्षण गर्न आवश्यक रहेको छ । यस्ता सीमास्तम्भको एक देशले चाहेर मात्र केही गर्न नसकिने भएका कारण अब हुने दुई देशका स्थानीय सुरक्षा निकायबिच हिल्सामा हुने सीमा सुरक्षा बैठकमा नेपालका तर्फबाट कुरा उठाउने उनले बताए ।

सीमास्तम्भ अनुगमनका क्रममा दुवै देशका स्थानीय कमान्डरले सिमानाको बारेमा आआफ्नो अनुभव र राष्ट्रिय झन्डासहित हार्दिकता साटासाट गरेका थिए ।

दुई देशबिचका सीमास्तम्भ हुम्ला जिल्लामा मात्र ३ नम्बरदेखि १२ नम्बरका पर्छन् । शान्ति सुरक्षा कायम गर्नेबारेमा पनि एकआपसमा दुवै देशका सुरक्षाकर्मीबिच छलफल भएको थियो ।

# गाउँका सडकमा जोखिमको यात्रा

कांक्रेविहार संवाददाता
जाजरकोट, २७ असार




ग्रामीण सडक बर्खाको पानीले बिग्रिएपछि यहाँको यात्रा जोखिमपूर्ण र महँगो हुने गरेको छ । जाजरकोटका विभिन्न सडक सञ्जालले जोडिएका गाउँबस्तीमा खनिएका सडक बर्खाको पानीले चिरा चिरा परेपछि सर्वसाधारणलाई जोखिमपूर्ण यात्रा गर्नु परेको हो ।

सदरमुकाम खलङ्गादेखि बारेकोट गाउँपालिका, कुसे गाउँपालिका, भेरी नगरपालिका, छेडागाड नगरपालिका, शिवालय गाउँपालिका, जुनीचाँदे गाउँपालिकाका गाउँबस्तीमा पुगेका सडक भल पानीले चिरा परेपछि सर्वसाधारणले आउजाउमा सास्ती पाउने गरेका छन् । स्थानीय सरकारले बर्सेनि पूर्वाधार निर्माणलाई प्राथमिकता दिए पनि सडक स्तरोन्नति नगरेका कारण आउजाउ गर्न समस्या हुने गरेको छ ।

नलगाड नगरपालिका-५, कालीमाटीदेखि बारेकोट गाउँपालिका लिम्सासम्म हिलाम्मे, धुलाम्मे हुँदै पुग्ने सवारीसाधन ठप्प भएको छ ।

सडक बिग्रिएपछि सामान्य तथा जटिल बिरामी, गर्भवती, सुत्केरी महिला, अपाङ्गता भएकालाई औषधी उपचारका लागि स्ट्रेचरमा बोकेर ल्याउनुपर्ने बाध्यता छ भने गाउँबस्तीमा सर्वसाधारणले उत्पादन गरेका वस्तु बजारसम्म ल्याउन पनि डोकोमा बोकेर ल्याउनुपर्ने अवस्था छ ।

सल्यानको कुमाख गाउँपालिका-३, मर्मदेखि राम्री हुँदै वडा नं. ७, जिमाली जोड्ने मोटरबाटो बर्सौंदेखि जोखिमपूर्ण अवस्थामा रहँदा स्थानीय बासिन्दाले ज्यानको बाजी लगाएर यात्रा गर्नुपर्ने बाध्यता छ ।

तत्कालीन गाउँ विकास समिति हुँदा ट्र्याक खुलेको यस मोटरबाटोको अवस्था सुधारका लागि बर्सेनि बजेट विनियोजन हुँदै आए पनि भौगोलिक कठिनाइ, सीमित बजेट र प्रभावकारी परिचालन नभएका कारण सुधार हुन सकेको छैन ।

यही बाटो हुँदै स्थानीय बासिन्दा, विद्यार्थी, बिरामी तथा कृषिउपज ओसार पसार गर्ने सवारीसाधन आवतजावत गर्दै आएका छन् । विभिन्न भाग साँघुरो, भिरालो र चट्टानी भएकाले यात्रा अत्यन्त जोखिमपूर्ण बनेको छ । यस मोटरबाटोमा एकातिर अग्लो चट्टान र अर्कोतर्फ गहिरो भिर रहेकाले सवारीसाधन सञ्चालन गर्न चालकले निकै सतर्कता अपनाउनुपर्ने अवस्था छ । दुई वटा सवारी एकै पटक वारपार हुन नसक्ने अवस्था छ भने केही मोडमा गाडी घुमाउनसमेत कठिन हुने गरेको स्थानीयको भनाइ छ । वर्षायाम सुरु भएसँगै सडकको जोखिम झनै बढेको स्थानीय तथा जनता मावि कुमाख गाउँपालिका-७ का शिक्षक ओमकार नाथले बताए । चट्टानी क्षेत्रमा सडक साँघुरो भएकाले ठुलो सवारी सञ्चालन गर्न थप जोखिम हुने गरेको उनको भनाइ छ ।

गाउँपालिकाले पनि आफ्नै स्रोतबाट जाली भर्ने, ह्युम पाइप राख्ने, स्न्याब निर्माण गर्ने काम गरिरहेको वडाध्यक्ष रानाले बताए ।

चालु आर्थिक वर्ष प्रदेश सरकारबाट करिब ६० लाख रुपियाँ बजेट विनियोजन भएको र सोही बजेटबाट वडा नं. ३ को थाप्लेक्षेत्र आसपास चट्टान काटेर सडक फराकिलो बनाउने तथा जाली भर्नेलगायतका काम सम्पन्न गरिएको उनले बताए । हाल खलङ्गा-बागचौर-मर्मसम्म बससेवा सञ्चालन भइरहेको छ भने जिमालीसम्म पनि सवारी साधन सञ्चालन भइरहेका छन् । सडकको जोखिमपूर्ण अवस्थाका कारण यात्रुले सधैं डरका बिच यात्रा गर्नुपर्ने बाध्यता छ ।

# वर्षामै कर्णाली राजमार्ग मर्मत

कांक्रेविहार संवाददाता
कालीकोट, २७ असार



आर्थिक वर्षको अन्त्यसँगै कर्णाली राजमार्गमा सडक मर्मत तथा ढलानको काम तीव्र पारिएको छ । वर्षायाम सुरु भइसकेको अवस्थामा सडककै बिचमा ढलान, मर्मत र निर्माण कार्य भइरहेका कारण यात्रु तथा सवारी चालकले सास्ती भोग्नुपरेको छ ।

कर्णाली राजमार्गका विभिन्न खण्डमा कङ्क्रिट ढलानको काम भइरहेको छ । निर्माणका कारण सडक साँघुरो बनेको छ भने भारी तथा यात्रुवाहक सवारी साधन पालैपालो सञ्चालन गर्नुपर्ने अवस्था छ ।

वर्षाका कारण निर्माण सामग्री बग्ने, कामको गुणस्तरमा असर पर्ने र यातायात अवरुद्ध हुने जोखिम बढेको स्थानीयको भनाइ छ ।

नेपालमा आर्थिक वर्षको अन्त्यमा बजेट खर्च गर्ने हतारिने प्रवृत्तिलाई 'असारे विकास' भनेर आलोचना हुँदै आएको छ ।

विज्ञहरूले सडक निर्माण, कालोपत्रे तथा मर्मतका काम सुक्खा मौसममा गर्दा गुणस्तरीय र दिगो हुने बताउँदै आएका छन् । तर व्यवहारमा भने वर्षायाममै यस्ता काम गर्ने प्रवृत्ति रोकिएको छैन ।

स्थानीयवासीले बजेट सक्ने हतारभन्दा योजनाबद्ध र गुणस्तरीय निर्माणमा जोड दिनुपर्ने माग गरेका छन् । कर्णाली राजमार्गजस्तो संवेदनशील सडकमा वर्षायाममै मर्मत कार्य गर्दा यात्रुको सुरक्षा र निर्माणको दिगोपनामाथि प्रश्न उठेको उनीहरूको भनाइ छ ।

कर्णाली राजमार्गको दैलेखको पादुकादेखि राकम खण्डका विभिन्न स्थानमा अहिले सडक मर्मतको काम भइरहेको छ । कतै कङ्क्रिट ढलान भइरहेको छ भने कतै पर्खाल निर्माणको काम चलिरहेको छ । कालीकोट खण्डका विभिन्न स्थानमा पनि यही अवस्था देखिएको छ ।

सङ्घीय सरकारको आर्थिक वर्षको अन्तिम समय असार मसान्त नजिकिँदै गर्दा निर्माण व्यवसायीहरू काम सम्पन्न गरी भुक्तानी लिन हतारिएका छन् ।

रास्कोट नगरपालिकाका पूर्वप्रमुख काशीचन्द्र बरालले असारे विकासको प्रवृत्ति रोक्न कठिन भएको बताए । आफ्नो कार्यकालमा यसलाई रोक्न प्रयास गरे पनि सफल हुन नसकेको र स्थानीय तहदेखि सङ्घीय सरकारसम्मकै समस्या बनेको उनको भनाइ छ ।

"वर्षातमा पानी परिरहेको बेला सडक मर्मत गर्दा न सडक गुणस्तरीय बन्छ, न यात्रुले सहज रूपमा गन्तव्यमा पुग्न पाउँछन् । असारे विकास रोक्नुपर्ने आवाज उठे पनि कार्यान्वयन हुन सकेको छैन," जलवायु क्षेत्रमा काम गर्दै आउनुभएका लीलाराज न्यौपानेले भने । उनका अनुसार वर्षाका कारण जमिन भिजेको अवस्थामा निर्माण उपकरण प्रयोग गर्दा थप जोखिम बढ्छ ।

"यस्तो समयमा गरिएको विकासले कसैलाई फाइदा गर्दैन । निर्माण व्यवसायीले भुक्तानी त पाउँछन्, तर गुणस्तर कमजोर हुँदा आलोचना पनि खेप्नुपर्छ । राज्यको स्रोत खर्च हुन्छ र पुनः त्यही ठाउँमा बजेट लगानी गर्नुपर्ने अवस्था आउँछ," न्यौपानेले भने ।

उनले असारे विकासको प्रवृत्ति अन्त्य गर्न सके नेपालको विकास निर्माण क्षेत्रमा ठुलो सुधार आउने बताए ।

# पहिरोले पुरिएको तातोपानी मुहान अलपत्र

कांक्रेविहार संवाददाता
सिमकोट, २७ असार

दुई वर्षअघि पहिरोले पुरिएको हुम्लाको सर्केगाड गाउँपालिका-३ स्थित उनापानीको तातोपानी मुहान अझै मर्मत हुन सकेको छैन । वडा, गाउँपालिका तथा प्रदेश सरकारका सम्बन्धित निकायले आवश्यक पहल नगर्दा मुहान पहिरोले पुरिएकै अवस्थामा रहेको स्थानीयको गुनासो छ ।

स्थानीय मसान्ते थापाका अनुसार २०८१ साल असारमा आएको बाढीपहिरोले पुरिएको उक्त तातोपानी मुहानको मर्मत अहिलेसम्म हुन सकेको छैन । जिल्लाकै चर्चित प्राकृतिक तातोपानी मुहानमध्ये एक मानिने यस स्थानको संरक्षणका लागि पटक-पटक आग्रह गरे पनि कुनै निकायबाट चासो नदिइएको उनले बताए ।

उक्त तातोपानीमा उनापानीका स्थानीय मात्र नभई जिल्लाका विभिन्न स्थानबाट सर्वसाधारण नुहाउन आउने गर्दथे । पहिरोअघि त्यहाँ तीनवटा तातोपानीका मुहान थिए । ती सबै पहिरोले पुरिएपछि अहिले तातोपानी तलतिरबाट मात्र बग्ने गरेको छ, जसका कारण पहिलेजस्तो तातो पानी नआउने स्थानीयको भनाइ छ ।

वडा अध्यक्ष अकिल कार्कीले वडा कार्यालयको सीमित बजेटले पहिरो हटाउन सम्भव नभएको बताए । गाउँपालिका र प्रदेश सरकारसँग पटक-पटक समन्वय गरे पनि आवश्यक सुनुवाइ नभएको उनको भनाइ छ ।

उनका अनुसार तातोपानी मुहान प्राकृतिक सम्पदा भएकाले यसको संरक्षण र पुनःस्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरी पुरानै अवस्थामा फर्काइनुपर्ने हो । वडा अध्यक्ष कार्कीले २०८१ सालमा तत्कालीन कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मा बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत अवलोकनका क्रममा उनापानी पुगेको स्मरण गर्दै तातोपानी मुहान पुनःस्थापनाको आश्वासन दिइए पनि कार्यान्वयन हुन नसकेको बताए । २०८१ सालको बाढीपहिरोबाट सर्केगाड गाउँपालिका-२ र ३ मा ठुलो क्षति पुगेको थियो ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णाली हाई अल्टिच्युट ट्रेनिङ सेन्टर शिलान्यास



❒ कांक्रेविहार संवाददाता
जुम्ला, २७ असार

विश्वको सबैभन्दा उचाइमा रहेको छुमचौरको छेउ र पातारासी हिमालको काखमा एथलेटिक्स खेलाडीका लागि अर्बौंको परियोजना कर्णाली हाई अल्टिच्युट ट्रेनिङ सेन्टर शिलान्यास भएको छ ।

विशेषगरी हिमाली तथा पहाडि क्षेत्रमा दौड्ने एथलेटिक्स खेलाडीका लागि नेपाल सरकारको अपनत्वमा निर्माण गर्न थालिएको पातारासी गाउँपालिका वडा नम्बर ३ मा सो ट्रेनिङ सेन्टरको पुर्वसासद तथा रास्वपाका केन्द्रीय सदस्य विनिता कठायत र जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले शिलान्यास गर्नु भएको छ ।

समुन्द्र सतह देखि दुई हजार सात सय ८० मिटर उचाईमा रहेको उक्त स्थानमा खेल खेल्ने आधुनिक रङ्गशाला सहितको संरचना निर्माणका लागि सुरुवाती काम अगाडि बढेपछि स्थानीय नागरिक तथा स्थानीय खेलाडि खुसी भएका छन् ।

बिहीबार लोटचौरमा स्थानीयका विचमा एक भव्य कार्यक्रमका बिच स्थानीय देउडा, नाचगान सहित हाई अल्टिच्युट ट्रेनिङ सेन्टर शिलान्यास भएको हो ।

जम्मा एक अर्ब ८७ लाख ७६ हजार तिन सय २७ रुपियाँ लागतमा डिपिआर तयार गरि प्रारम्भिक काम सुरु गरिएको जिल्ला खेलकुद विकास समितिका प्रमुख कविदत्त न्यौपानेले जानकारी दिए ।

उनका अनुसार प्रारम्भिक काम तीन करोडको ठेक्का प्रक्रियाका काम सकिएर संरचना निर्माणका लागि शिलान्यास भएको जानकारी दिए । उक्त कामको ठेक्का सुरुवातीमा दियो एन्ड लक्ष्मी कन्सट्रक्सन प्रालिले प्राप्त गरेको छ ।

पातारासीमा बन्ने बृहत् उक्त हाई अल्टिच्युट ट्रेनिङ सेन्टरको परिकल्पना तथा बन्ने संरचनाको विषयमा डिपिआर प्रस्तुत गरिएको छ । रारा इन्जिनियनिङ कन्सल्टेन्सी प्राइभेट लिमिटेडले निर्माण गरेको उक्त डिपिआर तयारकर्ता व्यवस्थापकीय निर्देशक इन्जिनियर प्रवेश आचार्यका अनुसार त्यहाँ बन्ने संरचनाहरू आधुनिक रङ्गशाला सहित २१ वटा संरचनाहरू निर्माण हुने छन् ।

उनका अनुसार आधुनिक रङ्गशाला सहित खेलमैदान, दुई वटा गेट, टिकट काउन्टर, नागरिकका लागि शौचालय, चारपाङ्गे गाडी र मोटरसाईल पार्किङ क्षेत्र निर्माण, खेलाडीको गाडि छुट्टै बस पार्किङ, कवर्डहल, ब्याडमिन्टन कोण, महिला र पुरुषका लागि छात्रावास, स्टाप क्वाटर, क्यान्टिन, प्रशासकीय भवन, फुटबल ग्राउन्ड, रनिङ ट्रेल लगायतका २१ वटा संरचना डिपिआरमा समेटिएका छन् ।

हाई अल्टिच्युट ट्रेनिङ सेन्टरको शिलान्यास गर्दै पुर्वसांसद विनिता कठायतले यो कामका लागि बजेट अभाव हुन नदिने प्रतिबद्धता जनाए । उनले पुर्व खेलकुद मन्त्री बिराजभक्त श्रेष्ठ हुँदा ६ करोड बजेट आएको अबका दिनमा पनि बजेट प्राथमिकतामा रास्वपा सरकारले प्रथमिकता दिनेमा जोड दिए ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीन्द आचार्यले जग्गा विवादका लागि स्थानीय र जिल्लाले गरेको कदम पछि यो कार्य सफल भएकोमा जोड दिए । पातारासी गाउँपालिका अध्यक्ष पुर्णसिंह बोहराले पातारसी, छुमचौर र लोटचौर अब पर्यटकीय हव बनाउने सपना सुनिश्चित भएकोमा जोड दिए ।

गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले कठिन परिस्थितिमा पातारासीमा यो काम हुनु सपना जस्तै लागको बताउँदै सफल अभियानमा लाग्ने स्थानीयदेखि केन्द्र सम्मका सबैलाई धन्यवाद ज्ञापन गरे ।

सोही क्षेत्र वडा नम्बर ३ का वडाध्यक्ष गोविन्द बुढाले स्थानीयवासी र पातारासीको सपना पुरा गरिदिने सबैलाई धन्यवाद दिए । स्थानीय युवा धनबहादुर रावतले पातारासीको समृद्धिमा सहयोग गर्ने सबैलाई धन्यवाद दिए । कार्यक्रममा जग्गादान गर्ने जग्गादातादेखि पहलकर्ता सरोकारवाला पत्रकारलाई सम्मान गरिएको छ ।

जुम्लाबाट गिनिज बुक अफ द वर्ल्ड रेकर्ड कायम गरेका एथलेटिक्स खेलाडी हरिबहादुर रोकायाको प्रयासमा अहिले दर्जनौ खेलाडी यहाँ उत्पादन भएका छन् । विश्व च्याम्पियन अल्ट्राधावक सुनमाया बुढा, राममाया बुढा, विश्वरुपा बुढा सहितका खेलाडी यही पातारासी गाउँपालिकामा जन्मेर चम्किरहेका छन् । सुनमायाले त भर्खर सम्पन्न इटालीको ला स्पोर्टिभा लावारेडो अल्ट्रा ट्रेल प्रतियोगितामा विश्व कीर्तिमान गरेका छन् ।

# हुम्लामा रैथाने धानकै खेती

❒ कांक्रेविहार संवाददाता
हुम्ला, २७ असार



हिमाली जिल्ला हुम्लामा रैथाने बिउकै धान खेती हुने गरेको छ । बाहिरको धानको बिउ जिल्लामा नभित्रिनु र हुम्लाकै रैथाने धान पौष्टिक रूपमा धेरै गुणस्तरीय भएका कारण यसको खेती हालसम्म कायमै रहेको हो ।

सर्केगाड गाउँपालिका-३, उनापानी गाउँका ७१ वर्षीय दानबहादुर फडेराले आफ्नो गाउँमा बुवा र बाजेको पालादेखि लगाउँदै आएको रैथाने धानको खेती अहिले पनि जारी रहेको बताए । सरकारी तथा गैरसरकारी संस्थाहरूले आधुनिक जातका धानको बिउ ल्याइदिने सुझाव दिएको भए पनि गाउँवासीले यस कुरामा असहमति जनाएका कारण रैथाने धानकै खेती हुँदै आएको उनको बुझाइ छ । रैथाने धानको खेती गर्दा सिँचाइ भए राम्रो र सिँचाइको समस्या भए पनि सुख्खा सहने खालको भएकाले उत्पादनमा खासै फरक नपर्ने हुँदा किसानहरू यसकै खेतीतर्फ लागि रहेका हुन् ।

हुम्लामा करिब तीन सय वर्ष पहिलेदेखि स्थानीय जातको धानखेती हुँदै आएको छ । हुम्लामा विशेष गरी फिनुवा, अनदी र जुम्ली मार्सी मुख्य रैथाने धान बाली भएको र यसको खेती पुस्तौँदेखि निरन्तर चलिरहेको कृषि विकास कार्यालयका प्रमुख चूडामणि पन्तले बताए । उनका अनुसार हुम्लाका अन्य रैथाने धान बालीका जातमा जुगे, दुधे, धैनाले, धोको, कालो लुम्सेरो, खच्चे र रतनपुरे रहेका छन् र यसको खेती हाल जिल्लाका धान उत्पादन हुने बस्तीहरूमा भइरहेको छ । सिँचाइको अभाव, कम मिहिनेत र खेती किसानीमा कम रुचिका कारण धान बालीको उत्पादनमा केही कमी आए पनि समग्रमा उत्पादन राम्रै हुने गरेको उनले जानकारी दिए ।

रैथाने धान पौष्टिक रूपमा बढी उपयोगी भएका कारण यसको भात खाँदा भोकै नलाग्ने (ऊर्जा टिक्ने) स्थानीयको अनुभव छ । अर्कोतर्फ रैथाने धानबालीमा सुख्खा सहने शक्ति भएकाले पनि किसानहरू यसको खेतीमा बढी आकर्षित भएको भनाइ उनको छ । जिल्लाभर छ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा रैथाने धान खेती हुने गरेको छ, जसमध्ये पाँच सय हेक्टर खेतमा सिँचाइ सुविधा उपलब्ध छ । हुम्लामा प्रतिहेक्टर चार दशमलव १३ मेट्रिकटन उत्पादकत्व रहेको कृषि विकास कार्यालयले जनाएको छ ।

# बाढीबाट बचाउन भन्दै सारिएका सुकुम्बासी फेरि बाढीकै चपेटामा

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, २७ असार

अविरल वर्षापछि बागमती नदीको बहाव बढ्दा काठमाडौंको कीर्तिपुर नगरपालिका-१० सुन्दरीघाटस्थित राधास्वामी सुकुम्बासी होल्डिङ सेन्टर डुबानमा परेको छ । सेन्टरभित्र पानी पसेपछि त्यहाँ आश्रय लिइरहेका विस्थापित सुकुम्बासीहरू पुनः विस्थापित हुन बाध्य भएका छन् । होल्डिङ सेन्टरमा पानी भरिएपछि सुरक्षाकर्मीले डुङ्गाको प्रयोग गरेर केही सामान बाहिर निकाले पनि अधिकांश घरायसी सामग्री, लत्ताकपडा र अन्य अत्यावश्यक सामान पानीले भिजेर नष्ट भएको पीडितहरूले बताएका छन्। उनीहरूका अनुसार धरौटी ... अन्नपातदेखि औषधीसमेत डुबानमा परेको छ । जसले गर्दा सुकुम्बासीलाई थप तनाव थपिएको छ । सरकारले केही महिनाअघि विष्णुमति किनाराबाट कीर्तिपुरको होल्डिङ सेन्टरमा लगेको थियो । सुकुम्बासी व्यवस्थापनको नाममा सरकारले खोलाकिनारबाट उनीहरूलाई सारेको भएपनि व्यवस्थापन भने गर्न सकेको छैन । उल्टै सरकारले अहिले होल्डिङ सेन्टरका सुकुम्बासीलाई छोड्न दबाब दिइरहेको छ । उनीहरूले अन्यत्र बास बस्ने मेलो नभएको भन्दै सेन्टर छोड्न मानेका छैनन् । साथै, दाताहरुले खानपिनमा सहयोग गर्न पनि छोडेका छन् । यस्तो बेलामा डुबानमा परेर अन्नपात नै नष्ट भएपछि अहिले सेन्टरका सुकुम्बासी तनावमा रहेका छन् ।

उनीहरूका अनुसार राति अचानक बाढी पस्दा धेरैले आफ्नो सामान सुरक्षित स्थानमा सार्नसमेत पाएनन्। साथै, सुरक्षाकर्मी राति करिब २ बजेपछि मात्रै घटनास्थल पुगेको उनीहरूको गुनासो छ ।

गृह मन्त्रालयका अनुसार राति १ बजेर ३८ मिनेटमा डुबानको सूचना प्राप्त भएपछि दंगा नियन्त्रण रेजिमेन्टबाट प्रहरी नायब उपरीक्षक (डीएसपी) को कमाण्डमा डिजास्टर म्यानेजमेन्टसहित ३० जना र नेपाल प्रहरीका थप ३० जनाको संयुक्त टोली परिचालन गरिएको थियो।

उक्त टोलीले होल्डिङ सेन्टरमा रहेका १ सय ५४ जनामध्ये ५४ जनाको उद्धार गरी त्रिभुवन विश्वविद्यालयस्थित स्मृति भवनमा सुरक्षित रूपमा स्थानान्तरण गरेको छ ।




कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)